# स्थानीय राजपत्र

**भाग : १, खण्ड : ७, संख्या ४, राजपत्रमा प्रकाशित मिति २०८०।०३।२५**

नगर सभाबाट स्वीकृती मिति : २०८०।०३।२२

प्रमाणिकरण मिति : २०८०।०३।२४


## दिपायल सिलगढी नगरपालिका, डोटी

दिपायल सिलगढी नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

# दिपायल सिलगढी नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** दिपायल सिलगढी नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी,

दिपायल सिलगढी नगरपालिकाको नगरसभाले सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम " दिपायल सिलगढी नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **परिभाषा** :विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन"भन्नाले दिपायल सिलगढी नगरपालिकाको विनियोजन ऐन, २०८० सम्भनुपर्छ ।

(ख) "कार्यपालिका"भन्नाले दिपायल सिलगढी नगर कार्यपालिका सम्भनुपर्छ ।

(ग) "नगरपालिका"भन्नाले दिपायल सिलगढी नगरपालिका सम्भनुपर्छ ।

(घ) "सभा"भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगरसभा सम्भनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्भनुपर्छ ।

## परिच्छेद-२
## सञ्चित कोषबाटविनियोजन सम्बन्धीव्यवस्था

२. **आर्थिक वर्ष २०८०।०८१ को लागि सञ्चित कोषबाट रकमखर्च गर्न सक्ने**:(१) आर्थिक बर्ष २०८०।०८१ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूकालागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६४,२५,६३,९००। ( अक्षेरूपी चौसट्टी करोड पच्चिस लाख त्रिसट्टी हजार नौसय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** :(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त दिपायल सिलगढी नगरपालिको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाटअर्को स्रोतमा रकम सार्न सकिनेछ

(५)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा२ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम**

| सि.नं. | बजेट उपशीर्षक | चालु | पूंजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | ८०७७१४०११०१ दिपायल सिलगढी नगरपालिका | ४,१७,८९,९००.०० | १३,३६,४४,०००.०० | १७,५४,३३,९००.०० |
| २ | ८०७७१४०११०२ दिपायल सिलगढी नगरपालिका प्रशासनिक खर्च | ८,८१,५४,०००.०० | ०.०० | ८,८१,५४,०००.०० |
| ३ | ८०७७१४०११०३ दिपायल सिलगढी नगरपालिका स्वास्थ्य सेवा कार्यक्रम | १३,७०,०००.०० | ४,३०,०००.०० | १८,००,०००.०० |
| ४ | ८०७७१४०११०४ दिपायल सिलगढी नगरपालिका शैक्षिक विकास कार्यक्रम | ८०,००,०००.०० | ०.०० | ८०,००,०००.०० |
| ५ | ८०७७१४०११०५ दिपायल सिलगढी नगरपालिका कृषि विकास कार्यक्रम | ३०,७०,०००.०० | ०.०० | ३०,७०,०००.०० |
| ६ | ८०७७१४०११०६ दिपायल सिलगढी नगरपालिका पशुपन्छी विकास कार्यक्रम | १२,००,०००.०० | ०.०० | १२,००,०००.०० |
| ७ | ८०७७१४०११०७ दिपायल सिलगढी नगरपालिका महिला तथा बालबालिका कार्यक्रम | ७,००,०००.०० | ०.०० | ७,००,०००.०० |
| ८ | ८०७७१४०११०८ दिपायल सिलगढी नगरपालिका सामाजिक विकास कार्यक्रम | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० |
| ९ | ८०७७१४०१११२ बहुक्षेत्रीय पोषण कार्यक्रम | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० |
| १० | ८०७७१४०१२०१ दिपायल सिलगढी नगरपालिकावडा नं.१ | ६,२०,०००.०० | २,३०,०००.०० | ८,५०,०००.०० |
| ११ | ८०७७१४०१२०२ दिपायल सिलगढी नगरपालिकावडा नं.२ | ८,५०,०००.०० | ०.०० | ८,५०,०००.०० |
| १२ | ८०७७१४०१२०३ दिपायल सिलगढी नगरपालिकावडा नं.३ | ७,५०,०००.०० | १,००,०००.०० | ८,५०,०००.०० |
| १३ | ८०७७१४०१२०४ दिपायल सिलगढी नगरपालिकावडा नं.४ | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० |
| १४ | ८०७७१४०१२०५ दिपायल सिलगढी नगरपालिकावडा नं.५ | ७,८०,०००.०० | ७०,०००.०० | ८,५०,०००.०० |
| १५ | ८०७७१४०१२०६ दिपायल सिलगढी नगरपालिकावडा नं.६ | ८,००,०००.०० | १,००,०००.०० | ९,००,०००.०० |
| १६ | ८०७७१४०१२०७ दिपायल सिलगढी नगरपालिकावडा नं.७ | ८,५०,०००.०० | ०.०० | ८,५०,०००.०० |
| १७ | ८०७७१४०१२०८ दिपायल सिलगढी नगरपालिकावडा नं.८ | ८,१०,०००.०० | ४०,०००.०० | ८,५०,०००.०० |
| १८ | ८०७७१४०१२०९ दिपायल सिलगढी नगरपालिकावडा नं.९ | ८,५०,०००.०० | ०.०० | ८,५०,०००.०० |
| १९ | ८०७७१४०१५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम .शसर्त अनुदान। | २८,७७,००,०००.०० | १,७०,००,०००.०० | ३०,४७,००,०००.०० |
| २० | ८०७७१४०१५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम .विषेश अनुदान। | ०.०० | १,५५,००,०००.०० | १,५५,००,०००.०० |
| २१ | ८०७७१४०१५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम.समपुरक अनुदान। | ०.०० | १,२५,००,०००.०० | १,२५,००,०००.०० |
| २२ | ८०७७१४०१५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १५,५०,०००.०० | ३९,००,०००.०० | ५४,५०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| | .शसर्त अनुदान॰ | | | |
| २३ | ८०७७१४०१५२२ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम .विषेश अनुदान॰ | ०.०० | ५०,००,०००.०० | ५०,००,०००.०० |
| २४ | ८०७७१४०१५२३ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम .समपुरक अनुदान॰ | ०.०० | १,१५,८६,०००.०० | १,१५,८६,०००.०० |
| जम्मा | | ४४,२४,४३,९००.०० | २०,०१,००,०००.०० | ६४,२५,४३,९००.०० |
| **कुल जम्मा रकम रु ः ६४,२५,४३,९००.०० अक्षरेपी : रुपैयाँ चौसठ्ठी करोड पच्चिस लाख त्रिचालिस हजार नौ सय मात्र ।** | | | | |

॥॥ समाप्त ॥॥

आज्ञाले

शंकर सुचिकार

नि.प्रमुख प्रशासकिय अधिकृत